हरिवन नगरपालिका

लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७

नगर कार्यपालिकाबाट स्वीकृत मितिः – २०७७/०८/१६

हरिवन नगरपालिका
हरिवन, सर्लाही
२ नं. प्रदेश, नेपाल

नगरपालिकाको कार्यालय
हरिवन, सर्लाही
मधेश प्रदेश, नेपाल

हरिवन नगरपालिकाको

लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधी, २०७७

प्रस्तावना :

नेपालको संविधान २०७२ को धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैङ्गिक हिंसाबाट पीडित वा प्रभावितलाई तत्काल उद्धार गर्न, औषधी उपचार गर्न वा पुनर्स्थापना गर्ने कार्यका लागि नगरपालिकामा लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनका लागि लैङ्गिक हिंसा निवारण कोष संचालन) नियमावली, २०६७ तथा लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्बन्धी मापदण्ड, २०७६ को अधिन एवं स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी हरिवन नगरपालिकाकाको लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७ बनाई लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम हरिवन नगरपालिकाको "लैङ्गिक हिंसा निवारण कोष संचालन,

कार्यविधी, २०७७" रहने छ ।

(ख) यो कार्यविधि हरिवन नगरपालिकाको प्रमुखज्यूबाट प्रमाणिकरण भएपछि लागु हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले हरिवन नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कोष" भन्नाले दफा (३) बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्दछ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसावाट पीडित वा प्रभावित व्यक्ति स्थानिय तहको साथै वडा कार्यालय समेतको सम्झनु पर्दछ ।

(घ) "घरेलु हिंसा" कुनै व्यक्तिले घरेलु सम्वन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, मानसिक, यौनजन्य क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्दछ र सो शव्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउछ ।

(च) "कोष संचालन समिति" भन्नाले मापदण्डको दफा (९) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

गणेश प्रसाद प्रसाद
नगर प्रमुख

३. कोषको स्थापना :

(१) लैंगिक हिंसा पिडित र प्रभावितहरुको तत्काल उद्धार गर्न , राहत र पुनः स्थापना, गर्ने काम समेतका लागि हरिवन नगरपालिकाले एक हिंसा निवारण कोष खडा गरेको छ ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ ।

(क) संघिय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम,

(ख) नगरपालिकाको आन्तरिक श्रोत बाट छुटयाईएको रकम,

(ग) विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम,

(घ) अन्य कुनै आन्तरिक तथा बाहिय स्रोतबाट प्राप्त रकम,

(ङ) बैंक खातामा रहेको मौज्दातबाट प्राप्त व्याज रकम,क

४.कोषमा रकम जम्मा गर्ने :

नगरपालिकाले प्रत्येक वार्षिक बजेटमा व्यवस्था गरी कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

५.कोषको उपयोग :

१) कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछ :

क) पीडितलाई तत्काल उद्धार गर्न,

ख) पीडितलाई औषधी उपचार गर्न,

ग) पीडितलाई तत्काल उपचार गराउदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,

घ) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ङ) पीडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,

च) सीपमुलम तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि कुनै व्यवसाय स्थापना गर्नका लागि अनुदान रकम प्रदान गर्न,

छ) पीडित र प्रभावितका लागि पुर्नस्थापना गराउन,

ज) अल्पकालिन महिला सुरक्षा सेवा केन्द्र संचालनको लागि माग भई आएमा समितले आवश्यक ठानेमा आवश्यकता र औचित्यताको आधारमा सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न,

झ) पीडितको लागि कोष परिचालन समितिले तोकेबमोजिमको अन्य काम गर्न,

उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोष संचालन समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोरकिशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागुपदार्थको दुर्व्यसनबाट फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सकिनेछ ।

६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :

कोषको रकम दफा (५) बमोजिम बाहेक अन्य कामको लागि उपयोग गर्न सकिने छैन ।

७.राहत तथा आर्थिक सहयोगको आधार र मापदण्ड :

१) नगरपालिकाले कोष परिचालन समिति गठनगरी पीडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्दछ ।

२) कोष संचालन समितिले उपदफा (१) बमोजिम पीडित र प्रभावितलाई रकम उपलब्ध गराउदा देहाय बमोजिमको रकमको हद र आधार लिनुपर्दछ ।

क) पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा मानवीय क्षति हुने देखिएका कोष संचालन समिति निर्णयगरी वीस हजार रुपैयाँ नबडनेगरी मनासिव रकम,

ख) हिंसा पीडितले कुनै सीपमुलक तालिम प्राप्त गरी व्यवसाय संचालन गर्नका लागि बस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृती र औचित्यताको आधारमा प्रति व्यक्ति बढीमा वीस हजार रुपैयाँ,

ग) पीडितलाई कानुनी सहायता, मनोबैज्ञानिक उपचार वा मनोविमर्शको लागि पाचँ हजार रुपैयाँमा नबढने गरी लागेको यथार्थ खर्च,

घ) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रागर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीनसय रुपैयाँ र बास बस्नुपर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएका प्रीतदिन पाचँसय रुपैयाँका दरले लागेको यर्थाथ खर्च रकम दिने,

ङ) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीनसय रुपैयाँ अस्पतालमा वस्ने व्यवस्था नभई बाहिर बस्नुपर्ने भएमा बास खर्च वापत प्रति दिन पाँचसय रुपैयाँ र उपचार खर्चको यर्थाथ खर्च रकम दिने,

च) कोष संचालन समिति तोकेबमोजिमको अन्य कामको लागि कामको प्रकृती, आवश्यकता र औचित्यताको आधारमा बढीमा दश हजार रुपैयाँ ।

८. राहत तथा आर्थिक सहयोग गर्न निवेदन दिनु पर्ने :

१. यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनाशिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्ने छ ।

२ उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार देखिएमा मापदण्डको दफा (७) बमोजिम कोष संचालन समितिले निर्णयगरी उपलब्ध गराउनु पर्ने छ ।

३ उपदफा (२) जुनसुकै कुरा उल्लेख भएता पनि पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिब आधार देखिएमा दफा (७) बमोजिम कोष संचालन समितिबाट पछि अनुमोदन गराउनेगरी संयोजकले तत्काल उपलब्ध गराउनु पर्नेछ ।

४ उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जांचबुझ गर्दा पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोम उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

९. कोष संचालन समिति गठन :

(१) कोषको संचालन तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि एक कोष संचालन समिति रहने छ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

क. नगर उपप्रमुख	संयोजक
ख. प्रमुख प्रशासकिय अधिकृत	सदस्य
ग. आर्थिक प्रशासन शाखा प्रमुख	सदस्य
घ. जनस्वास्थ्य शाखा प्रमुख	सदस्य
ङ. इलाका प्रहरी कार्यालय प्रमुख	सदस्य
च. कानुन व्यवसायीहरु मध्येबाट नगरप्रमुखबाट मनोनित एक जना	सदस्य
छ. लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघसंस्था मध्येबाट संयोजकले मनोनित गरेको एक जना	सदस्य
ज. नगर सभा सदस्य (महिला) एक जना	सदस्य
झ. महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख	सदस्य सचिव

१०. समितिको काम, कर्तव्य र अधिकार :

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. लैङ्गिक हिंसा पीडित तथा प्रभाविको उद्धार गर्ने, पुर्नस्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने,

ख. लैङ्गिक हिंसा पीडित तथा प्रभाविको पहिचान गर्ने गराउने,

गणेश प्रसाद ...
नगर प्रमुख

ग स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने,

घ स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्वन्धमा अनुगमन गर्ने,

ङ समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

च लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकायसँग समन्वय गर्ने,

छ समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने,

ज कोषमा रकम वृद्धिको लागि खोजी गर्ने,

झ लैङ्गिक हिंसा पीडित तथा प्रभावित सम्वन्धी अन्य काम गर्ने वा गराउने,

११. समितिको वैठक र निर्णय :

क समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,

ख समितिको वैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

ग समितिको कुल सदस्य संख्याको ५०' प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ,

घ समितिको वैठक अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ,

ङ समितिको वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ,

च समितिको आवश्यकता अनुसार नगरपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ,

छ समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राखिनेछ,

ज समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समितिको वैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ,

१२. समितिको प्रशासनिक खर्च :

समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोषबाट प्राप्त व्याज रकमको पाँच प्रतिशत भन्दा बढी हुने छैन ।

गणेश प्रसाद प्रसाई
नगर प्रमुख

हरिवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिवन, सर्लाही
मधेश प्रदेश, नेपाल

१३. खाता संचालन :

क कोषको रकम समितिको निर्णय बमोजिम कुनै वाणिज्य बैंकमा खाता खाता खोली जम्मा गर्नुपर्दछ ।

ख उपदफा (क) बमोजिम खाता संचालन प्रमुख प्रशासकीय अधिकृत तथा लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१४. कोषको लेखा र लेखापरिक्षण :

कोषको लेखा र लेखापरिक्षण नगरपालिकाले अपनाएको लेखाप्रणाली र लेखापरिक्षण प्रकृया बमोजिम हुनेछ ।

१५. कोषको रकम फ्रिज नहुने :

कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाकी रहेम त्यस्तो रकम फ्रिज हुनेछैन ।

१६. प्रतिवेदन पेश गर्ने :

क समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

ख उपदफा (क) बमोजिम पेश गरेको प्रतिवेदन नगरकार्यपालिकाले सार्वजनिक गर्नेछ ।

१७. बैठक भत्ता :

समितिका संयोजक र सदस्यले समितिको वैठकमा भाग लिए वापत नगरकार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन ।

१८. कोषको सचिवालय :

कोषको सचिवालय नगरकार्यपालिकाको कार्यालयमा रहनेछ ।

१९. अभिलेख राख्ने :

समितिले आफूले गरेको कामहरुको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

२०. निर्देशन दिन सक्ने :

क नगरकार्यपालिकाले समितिको काम कारवाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

ख उपदफा (क) बमोजिम नगरकार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

गणेश प्रसाद 'प्रसाद'
नगर प्रमुख

धिकार प्रत्यायोजन :

ले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार ो संयोजक, सदस्य वा नगरकार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न

ष खारेज हुन सक्ने :

कारणबस कोष संचालन गर्न आवश्यक नदेखिएमा नगर कार्यपालिकाको निर्णयबाट कोष किनेछ ।

दफा (क) बमोजिम कोष खारेज भएम कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय र्यपालिकाको बैठकबाट हुनेछ ।

गणेश प्रसाद प्रसाद
नगर प्रमुख

हरिवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिवन, सर्लाही
मधेश प्रदेश, नेपाल

१३. खाता संचालन :

क) कोषको रकम समितिको निर्णय बमोजिम कुनै वाणिज्य बैंकमा खाता खाता खोली जम्मा गर्नुपर्दछ ।

ख) उपदफा (क) बमोजिम खाता संचालन प्रमुख प्रशासकीय अधिकृत तथा लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१४. कोषको लेखा र लेखापरिक्षण :

कोषको लेखा र लेखापरिक्षण नगरपालिकाले अपनाएको लेखाप्रणाली र लेखापरिक्षण प्रकृया बमोजिम हुनेछ ।

१५.कोषको रकम फ्रिज नहुने :

कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाकी रहेम त्यस्तो रकम फ्रिज हुनेछैन ।

१६.प्रतिवेदन पेश गर्ने :

१) समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२) उपदफा (क) बमोजिम पेश गरेको प्रतिवेदन नगरकार्यपालिकाले सार्वजनिक गर्नेछ ।

१७. बैठक भत्ता :

समितिका संयोजक र सदस्यले समितिको वैठकमा भाग लिए वापत नगरकार्यपालिकाले तोके वमोजिकमको रकम बैठक भत्ता पाउनेछन ।

१८. कोषको सचिवालय :

कोषको सचिवालय नगरकार्यपालिकाको कार्यालयमा रहनेछ ।

१९. अभिलेख राख्ने :

समितिले आफूले गरेको कामहरुको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

२०. निर्देशन दिन सक्ने :

क) नगरकार्यपालिकाले समितिको काम कारवाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

ख) उपदफा (क) बमोजिम नगरकार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

गणेश प्रसाद प्रसाद
नगर प्रमुख

२१. अधिकार प्रत्यायोजन :

समितिले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा नगरकार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. कोष खारेज हुन सक्ने :

क कुनै कारणबस कोष संचालन गर्न आवश्यक नदेखिएमा नगर कार्यपालिकाको निर्णयबाट कोष खारेज सकिनेछ ।

ख उपदफा (क) बमोजिम कोष खारेज भएम कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगरकार्यपालिकाको बैठकबाट हुनेछ ।

गणेश प्रसाद प्रसाद
नगर प्रमुख